बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल

## बैठक संख्या : ०१

आज मिति २०८३।०४।२५ गते सोमबार अपरान्ह ११:०० बजे यस बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको कार्यालय, बलेफीमा सम्पन्न गाउँकार्यपालिकाको बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री छविलाल न्यौपाने | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री रितेश तामाङ | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री सुर्जे तामाङ | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री यादव ठकुरी | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री तेज बहादुर पराजुली | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री गृबिन्द्र कुमार चौंलागाई | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री होम बहादुर राउत | प्रमुख प्रशासकीय अधिकृत | |

एजेण्डा र निर्णयहरु:

(मिति : २०८३।०४।२५ गते)

१. बलेफि गाउँ कार्यपालिकाको निर्णय कार्यन्वयनको समिक्षा सम्बन्धमा ।

निर्णय नं.१: प्रस्ताव नं.१ माथि छलफल गर्दा बलेफी गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकहरुमा गरिएका निर्णयहरु प्रभावकारी रूपमा कार्यान्वयन भएको भनी समिक्षा गरियो।

२. आ.व. २०८३/८४ जिल्ला दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. २: प्रस्ताव नं.२ माथि छलफल गर्दा आ.व. २०८३/८४ को निर्माण कार्यको लागि दररेट सम्बन्धीत निकायको Norms बमोजिम सिन्धुपाल्चोक जिल्लाको स्वीकृत जिल्ला दररेट प्रयोग गर्ने र निर्माण सामाग्रीहरु(वालुवा, गिट्टी, ढुङ्गा)को हकमा सुकुटे क्रसरलाई स्रोत मानी गाँउपालिका केन्द्रसम्म र अरनिको राजमार्ग र बलेफी जलबिरे सडकलाई विन्दु मानी तपशिल बमोजिमको दुरीको ढुवानी दिने र यसरी तयार पारिएको दर स्वीकृत गर्ने सर्वसहमतीले निर्णय गरियो ।

*तपसिल:*

| सि. नं. | क्षेत्र | औषत ढुवानी(कि.मी.) | | कैफियत |
|---|---|---|---|---|
| | | कालोपत्रे सडक | राजमार्गबाट कच्ची सडक | |
| १. | वडा नं. १ | ५ | ४ | |
| २. | वडा नं. २ | ५ | ४ | |
| ३. | वडा नं. ३ | ५ | १० | |
| ४. | वडा नं. ४ | ५ | ५ | |
| ५. | वडा नं. ५ | ५ | ४ | |
| ६. | वडा नं. ६ | ५ | ४ | |
| ७. | वडा नं. ७ | ५ | ४ | |
| ८. | वडा नं. ८ | ५ | ४ | |

३. नदीजन्य पदार्थको आय ठेक्का आह्वान गर्ने सम्बन्धमा

निर्णय नं. ३: प्रस्ताव नं.३ माथि छलफल गर्दा **"बलेफी गाउँपालिका भएर बग्ने सुनकोशी र ब्रह्मायणी नदीबाट वालुवा, गिट्टी र ढुङ्गा उत्खनन / संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन"** अनुसार बलेफी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को लागि ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्, संकलन तथा विक्री शुल्क उठाउने प्रयोजनार्थ स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसारको संकलन/उत्खनन परिमाण र क्षेत्रबाट बलेफी गाउँपालिकाको आर्थिक ऐन, २०८२ को

अनुसूची ४ बमोजिमको ढुंगा, चुनढुङ्गा,खरिढुङ्गा, गिट्टी, ग्राभल, रोडा, बालुवा स्वीकृत(खानी क्षेत्र बाहेक) उत्खनन संकलन बिक्रि तथा निकासी वापत प्रति क्यूव फिट रु. ७/- कायम गराइ सोही IEE ले तोकेको परिणाम (१३००५.५६ घनमिटर) अनुसार हुन आउने न्यूनतम ठेक्का रकम भ्याट बाहेक रु. ३२,१५,०१२।१४ /-(अक्षरेपी बत्तिस लाख पन्ध्र हजार बाह्र रुपैया चौध पैसा मात्र) हुन आउने हुँदा २१ दिने सूचना मार्फत आयठेक्का विद्युतिय बोलपत्रमार्फत आव्हान गरिएकोमा कसैको पनि ठेक्का प्रस्ताव नपरेकोहुदाँ पुनः विद्युतिय बोलपत्रमार्फत आय ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

४. विशेष अनुदान कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा

निर्णय नं. ४: प्रस्ताव नं.४ माथि छलफल गर्दा बलेफी गाँउपालिकाको आ.व. २०८३/८४ को नेपाल सरकारको विशेष अनुदान कार्यक्रम कार्यान्वयनको लागि देहायको मापदण्ड प्रक्रिया र कार्यान्वयन क्षेत्र तोकी सञ्चालन गर्ने गरी १५(पन्ध्र) दिनको सूचना प्रकाशन गरेर प्रस्ताव आह्वान गरी सञ्चालन गर्ने सर्वसहमतीले निर्णय गरियो ।

<u>तपसिलः</u>

| सि. नं. | बजेट तथा कार्यक्रमको नाम | विनियोजित बजेट | कार्यक्रम सञ्चालनको मापदण्ड | कार्यान्वयन क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषि उपकरण तथा यान्त्रीकरण मार्फत उत्पादन तथा उत्पादकत्व बृद्धि गरी जिविकोपार्जन सुधार कार्यक्रम | १ करोड ८० लाख | • विशेष अनुदान सम्बन्धी(पहिलो संशोधन) कार्यविधि २०८२<br>• ५० प्रतिशत लागत साझेदारी<br>• मिनि टिलरको सम्बन्धमा कृषक/कृषि समुह/कृषि फर्म(उद्यमी)/कृषि क्षेत्रमा काम गर्ने महिला समुह/कृषि सहकारी<br>• अन्य यन्त्र यान्त्रीकरण तथा उपकरणको हकमा कार्यविधि/सुचना बमोजिम । | पालिका स्तरीय | |
| | | | | | |

५. कर्मचारीको तलव बृद्धि गर्ने सम्बन्धमा

निर्णय नं. ५: प्रस्ताव नं.५ माथि छलफल गर्दा आ.व. २०८३/८४ मा अस्थायी करार र ज्यालादारीका कर्मचारीको पारिश्रमिक नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबर बनाउने निर्णय गरियो ।

६. मेडिकल अधिकृतको पदपुर्तिको लागि विज्ञापन आह्वान गर्ने सम्बन्धमा

निर्णय नं. ६: प्रस्ताव नं.६ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र जलविरेमा आठौ तहको छात्रबृत्ति करारमा कार्यरत मेडिकल अधिकृत सरुवा भई रमना भई गएको र हाल कार्यरत मेडिकल अधिकृतले मिति २०८३।०५।०१ गते देखि लागु हुने गरी राजिनामा दिएको हुँदा आठौतहको पद रिक्त हुने हुदाँ मेडिकल अधिकृतको पदपुर्तिको लागि विज्ञापन आह्वान गर्ने निर्णय गरियो।

७. घ बर्गको निर्माण व्यवसायीको इजाजत दिने सम्बन्धमा ।

निर्णय नं. ७. : प्रस्ताव नं.७ माथि छलफल गर्दा A. J. C. Nirman Sewa बलेफि ३ ले घ बर्ग निर्माण व्यवसायीको इजाजत प्राप्त गर्न पेश गरेको हुदाँ संलग्न कागजातका आधारमा घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम इजाजत दिने सर्वसहमतीले निर्णय गरियो ।

८. आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं. ८ : प्रस्ताव नं.८ माथि छलफल गर्दा माग निवेदन बमोजिम तपशिलका व्यक्तिलाई तपशिल बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

<u>तपशिलः</u>

| सि नं | व्यक्ति / संस्था | आर्थिक सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १. | नोर्साङ योन्जन(बलेफी -७) | रु ३० हजार | Wilson Disease रोग लागि कलेजो प्रत्यारोपण गर्नुपर्ने भएकाले । |

९. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. ९ : प्रस्ताव नं.९ माथि छलफल गर्दा महिला आत्मानिर्भरता केन्द्र मेलम्ची सिन्धुपाल्चोकको व्यवस्थापनमा बलेफी गाँउपालिका वडा नं. ३ को सिमासिंहमा गाँउघर क्लिनिक सञ्चालन गर्नका लागि १ जना अ. न. मि. स्वास्थ्य कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

१०. आ.व. २०८३/८४ मा हुने निर्माण कार्यको ठेक्का सम्बन्धमा ।

निर्णय नं. १० : प्रस्ताव नं.१० माथि छलफल गर्दा बलेफी गाँउपालिका अन्तर्गतको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा ९ लाख ९९ हजार ९ सय ९९ रुपैया देखि माथिका निर्माण सम्बन्धी सबै योजनाहरुको खुल्ला रुपमा विद्युतिय वोलपत्र आह्वान गरी ठेक्का मार्फत निर्माण कार्य गर्ने सर्वसहमतीले निर्णय गरियो ।

११. औद्योगिक ग्राम निर्माण स्थल स्थान्तरण सम्बन्धमा ।

निर्णय नं. ११ : प्रस्ताव नं.११ माथि छलफल गर्दा बलेफी गाँउपालिका वडा नं. ३ मा औद्योगिक ग्राम निर्माण गर्ने भनि IEE र DPR समेत भएकोमा जग्गा प्राप्तीको समस्या भएको हुदाँ सो ग्राम वडा नं. ३ भित्रकै उपयुक्त स्थानमा स्थान्तरण गर्ने निर्णय गरियो ।